# प्रतिबद्धता-पत्र

गैरआवासीय नेपाली संघ राष्ट्रिय समन्व परिषद् कतारको छैठौं राष्ट्रिय महाधिवेशन, आज मिति १४ अगष्ट २०१५ निम्न प्रतिबद्धताहरु व्यक्त गर्द यसै महाधिवेशनबाट चयन हुने कार्यसमितिलाई कार्यान्वयनको लागि निर्देश गर्दछ ।

१) नेपाल सरकारले गैरआवासीय नेपाली सम्बन्धि बनाएको ऐन अनुसार २ वर्ष विदेशमा बसेको नेपालीले मात्र गैरआवासीय नेपालीको मान्यता पाउने व्यवस्थालाई संशोधन गरि १८२ दिन अथवा ६ महिना भन्दा बढि समय विदेशमा बस्ने सबै नेपालीलाई गैरआवसीय नेपालीको मान्यता दिलाउन पर्ने एनसीसीको मागलाई निरन्तर उठाई राख्ने प्रतिबद्धता व्यक्त गर्दछ ।
२) नेपालमा गएको महा-भुकम्पबाट प्रभावितहरुलाई पुर्नवासको लागि आइसीसीले घोषणा गरेको परियोजनामा सक्दो हातेमालो गर्ने प्रतिबद्धता व्यक्त गर्दछ ।
३) कतारमा रहेका सर्वसाधारण नेपालीहरुलाई प्रभावकारी सेवा दिइरहेको दुतावास परिसरमा अवस्थित एनआरएनए परामर्श केन्द्रलाई श्रोत साधन जुटाउदै निरन्तरता दिने प्रतिबद्धता व्यक्त गर्दछ ।
४) वैदेशिक रोजगारीको क्रममा विभिन्न कारणले घाइते तथा अंङ्गभङ्ग भएका नेपालीहरुको उद्धार तथा सहयोगको लागी आइसीसी, नेपाल सरकार, कतार सरकारका सम्बन्धित निकायहरु तथा अन्य दाता संस्थाहरुसँग समन्वय गरेर एक कल्याणकारी कोष स्थापना गर्नको लागि हदै सम्म प्रयास गर्ने प्रतिबद्धता व्यक्त गर्दछ ।
५) नेपाली कला संस्कृति, नेपाली भाषा तथा साहित्यलाई प्रवर्द्धन गर्नको लागी कतारमा नेपाली सांस्कृतिक केन्द्र स्थापनार्थ लामो समय देखि चलिरहेको प्रयासलाई परिणममुखि वनाउन सदैव प्रयासरत रहने प्रतिवद्धता व्यक्त गर्दछ ।
६) नेपाल सरकारले लागु गरेको "शुन्य लागतमा वैदेशिक रोजगारी" को व्यवस्थाको स्वागत गर्दै यसको प्रभावकारी कार्यन्वयनको लागि नेपाल सरकारसँग अनुरोध गर्दछ । सुरक्षित आप्रवासनको पक्षमा संघ सदैव क्रियाशिल रहने प्रतिबद्धता व्यक्त गर्दछ ।
७) कतारमा रहेका नेपालीहरुको विवरण अद्यावधिक गर्दै संघको पुर्ववत प्रयासलाई थप प्रभावकारीताका साथ संचालन तथ्याङक तयार गर्ने प्रतिबद्धता व्यक्त गर्दछ ।
८) एनसीसी कतारले नेपाली राजदुतावास कतारसंगको समन्वयमा नेपालको श्रम कानून र कतारको श्रम कानून सम्बन्धि जानकारीमुलक कार्यक्रमको आयोजना गर्ने प्रतिबद्धता व्यक्त गर्दछ ।
९) महिलाहरु पनि पुरुष सरह बैदेशीक रोजगारमा गइरहदा बिषेश गरि खाडी राष्ट्रमा महिला कामदारहरुको सुरक्षाको प्रत्याभूति हुने सांगठानिक क्षेत्रमा जान प्रोहोत्साहित गर्ने तथा घरेलु कामदारको रुपमा आएका महिलाहरुले भोग्नु पर्ने कठिनाई तथा समस्यहरुको वारेमा चेतना मुलक कार्यक्रम सञ्चालन गर्ने प्रतिबद्धता व्यक्त गर्दछ ।
१०) नेपाली सामाजिक संघ संस्थाहरुका गतिविधिहरुलाई थप प्रभावकारी बनाउन टेवा पुग्ने सहजीकरण, गोष्ठि तथा अन्तरक्रियाहरु संचालन गर्दै सामाजिक एकता आपसी भाइचाराको विकास गर्न निरन्तर क्रियाशिल रहने प्रतिबद्धता व्यक्त गर्दछ ।
११) प्रवासमा रहेका नेपालीहरुको खेल प्रतिभालाई संस्थागत रुपमा व्यवस्थापन गर्दै प्रवर्द्धन गर्ने योजना सहित शुरु गरिएको "एनआरएन कप फुटबल" जस्ता प्रभावकारी खेल गतिविधिहरुलाई निरन्तरता दिने प्रतिबद्धता व्यक्त गर्दछ ।
१२) विगतका कार्यकालमा शुरु गरिएका सामाजिक, सांस्कृतिक, साहित्यीक कार्यहरुलाई निरन्तरता दिदै एनसीसी कतारले कतार स्थित नेपाली संघ/संस्थाहरुसंग अधिकतम समन्वय गरी नेपाली समुदायको साझा संस्थकोरुपमा भुमिका निर्वाह गर्ने प्रतिबद्धता व्यक्त गर्दछ ।

धन्यवाद ।

एनआरएनए, एनसीसी ।